सम्पर्क नं: ०२५-५४००२४

# स्थानीय सरकार
# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३
च.नं.-

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०७

प्रस्तुत विषयमा यस दुहवी नगरपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजिकरण गर्न, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादनका लागि निम्न अनुसारको जनशक्तिको पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा दुहवी नगरपालिकाको रोजगार सेवा केन्द्रमा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | ०१/०८२-८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) | १ जना (महिला) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>• कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>• सम्बन्धित स्थानीय तहको आवेदकलाई प्राथमिकता दिईनेछ । |

**परिक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट छनौट गरिनेछ ।

**परिक्षा मिति र परिक्षा केन्द्रः** संक्षिप्त सूची प्रकाशन भएको मितिमा तोकिनेछ ।

**दरखास्त दस्तुरः** रु. ७००/- (सात सय मात्र) ।

**दरखास्त दिने अन्तिम मितिः** २०८२/०४/२१ गते सम्म ।

**उम्मेद्वारको उमेर हदः** २०८२/०४/२१ गते सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**दरखास्त बुझाउने स्थानः** दुहवी नगरपालिकाको रोजगार सेवा केन्द्रमा बुझाउनु पर्नेछ ।

**तलब तथा सुविधाः** नियम अनुसार हुनेछ ।

**पेश गर्नुपर्ने कागजातहरुः**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
ग) व्यक्तिगत विवरण (Biodata)
घ) अनुभव भए सोको प्रमाण पत्रको प्रतिलिपि
ङ) तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि
च) ३ प्रति पासपोर्ट आकारको फोटो

२०८२/४/६

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत